# महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (सिडअ) बारेमा सचेतना कार्यक्रमको प्रतिवेदन

प्रताव पेश गरिएको
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
जावलाखेल, ललितपुर

प्रस्ताव पेश गर्ने संस्था
आदिवासी जनजाति महिला युवा संजाल
ललितपुर, पुल्चोक-३

# विषयसूची


| क्र.सं. | विषय | पेज नं: |
|---|---|---|
| १. | परिचय | १ |
| २. | उद्देश्य तथा विधि | २ |
| ३. | छलफल विषय | ३ |
| ४. | उपलब्धि, निकष्कर्ष | ५ |

## प्रतिवेदन

नेपाल एक विषमताको राष्ट्र हो जहाँ विविधता भित्र एकता रहेको नेपाल राष्ट्रमा, बहुभौगोलिक, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुराष्ट्रिय र बहुसाँस्कृतिक विविधता भएको समुदायहरु रहेका छन् । ती समुदाय भित्र ४०% स्थान ओगट्ने देशको लागि सृजनशिल समूह भनिने युवा समुहहरु रहेका छन्, यसको आधा भन्दा बढी महिला युवाहरु छन्, सो महिला समुह भित्र पनि आदिवासी जनजाति, दलित, मधेशी, पिछाडावर्ग, पिछाडी पारिएको क्षेत्रका समुदाय, सिमान्तकृत, अल्पसंख्यक, द्धन्द्ध पिडित र जोखिममा परेका समुदायहरुका महिला युवाहरु रोजगारको शिलशिलामा देश र देश बाहिर समेत छरिएर रहेकाले ती सम्पूर्ण महिला युवाहरुलाई सशक्तिकरण, नेतृत्व, शैक्षिक, भाषिक, साँस्कृतिक, सामाजिक जनचेतना जगाई उनीहरुमा नेतृत्वको विकास गरी आत्मनिर्भर तथा दक्ष बनाई सम्पूर्ण महिलाहरुको सर्वाङ्गीण विकास र संगठित गर्दै, उनीहरुको हक अधिकार स्थापित गर्न गराउन संगठित रुपले क्रियाशिल गर्दै राज्यको हरेक निकायमा अपरिहार्य एवं सार्थक सहभागिताको लागि विद्यमान राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक विभेदहरुको समूल अन्त्य गरी सम्पूर्ण जात जाति, वर्ण तथा लिङ्गहरुको अस्तित्व, सद्भाव, भातृत्व र विश्वास कायम राख्दै, राष्ट्रिय अखण्डता र एकताको अक्षुणतालाई सम्मान गर्दै, समग्र राष्ट्र विकासमा योगदान पुऱ्याउदै समृद्ध नेपालको निर्माण गर्ने उदेश्यले एक अधिकारमुखी सशक्त सामाजिक संस्थाको रुपमा स्थापित भएको संस्था हो । यस संस्थाले स्थापनाकाल देखि नै विभिन्न महिलाको अधिकार स्थापना तथा सचेतनाको लागि विभिन्न सरोकारवाला संस्थाहरुसँग सहकार्य गर्दै अन्तरक्रिया, तालिम, सचेतना कार्यक्रम, जनवकालत कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसै क्रममा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक सहयोगमा आदिवासी जनजाति महिला युवा संजालको आयोजनामा दुई दिने सचेतनामूलक कार्यशाला गोष्ठी काठमाडौंको बागबजारमा सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

## कार्यक्रमको उद्देश्य

आदिवासी जनजाति महिलाहरुमा अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरुको बारेमा जानकारी दिने तथा खासगरी महिलाहरुको अधिकार उल्लेख भएको अन्तर्राष्ट्रिय कानुन **"महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि"** को बारेमा चेतना जगाउँदै आफ्नो अधिकारको बारेमा सचेत गराउने ।

एकाईसौं शताब्दीको नेपाल र अन्य विश्व समुदाय बीच हरेक दृष्टिकोणबाट फरक छ । विश्व समाज एकाईसौं शताब्दीको प्रविधि सँगै नया नया आविष्कारमा लागिरहेका छन् त्यहाँ पुरुष र महिलाको कुनै सरोकार छैन तर नेपाली समाज भने महिला र पुरुष बीच नै विभेदीत रही ज्यूँ का त्यूँ छ । पुरुष भन्ने वित्तिकै भगवान, अनि महिला भन्ने वित्तिकै सुसारे भन्ने किसिमको संस्कृति छ । यो हाम्रो नेपाली समाजको चरित्र हो । नेपाली युवाहरुमा चेतना भएर पनि व्यवहारमा उतारिएको छैन । साथै नेपाली महिला युवाहरुमा नेतृत्व तथा क्षमताको अवसर कम भएर पनि यसो भएको हो । यसै यर्थाथतालाई मुल्याँकन गर्दै अन्तराष्ट्रिय सन्धि, महासन्धि सम्झौताहरुको बारेमा चेतना जगाउनको लागि महिलाहरुमा तथा युवा महिलाहरुको क्षमता विकास गर्नको लागि यो अभिमुखीकरणको लक्ष्य तथा उदेश्य रहेको छ ।

## संचालन विधि

कार्यक्रममा विषयमा विज्ञद्धा प्रस्तुतीकरण एलसिडी मार्फत गरिएको थियो । साथै सहभागीहरुमार्फत अन्तरक्रियात्मक रुपमा छलफल गरिएको थियो । खासगरी युवाहरु सहभागी भएको हुनाले कार्यक्रम दोहोरो अर्न्तक्रियात्मक छलफल भएको थियो । स्रोत व्यक्ति श्री  प्रतिमा गुरुङ । स्रोत व्यक्ति अन्तर्राष्ट्रिय संस्था मानवअधिकारसँग सम्बन्धित निकाय जेनेभा स्थित सदस्य हुनुहुन्छ ।

## स्रोत व्यक्ति

माहिलाका अधिकार परिचयः

- अधिकार भन्नाले आफु र आफ्नो समाजमा रहँदा आफ्नो अधिकार, पहिचान तथा समता मुलक जीवन यापन गर्न पाउनु नै अधिकार हो । अधिकाररलाई समग्रमा भन्नुपर्दा मानव अधिकारसँग जोडिन आउँछ । आजको समाजमा रहेका महिला, पुरुष तथा तेस्रो लिङ्गी सबैले अधिकारहरु पाउन आवश्यक छ । यसकारण यीनै समुदाय भित्रका महिलाहरुले आफ्नो अधिकार पाउन आवश्यक छ । तर आफ्नो अधिकार दाबी गर्ने तथा प्रयोग गर्ने कुरामा समाजका विभिन्न सामाजिक समुहहरुको अवस्था फरक फरक हुन्छ । जस्तै परापूर्वकालदेखि हालसम्म कायम रहेको विभिन्न लैङ्गिक भेदभावको कारण महिला पुरुषहरुको तुलनामा पछि परेका छन् । फरक अवस्था भएकोले महिलाहरुले आफ्नो अधिकारहरुको दाबी गर्न नसकेको कारणले हुने असमानता र भेदभाव पनि मानव अधिकारको उलंघन हो । सामान्यतः मानव अधिकार पुरुष केन्द्रीत र पुरुष स्तरलाई ध्यानमा राखेर निर्माण गरिएको हुँदा महिलाले समान रुपमा मानव अधिकारको उपभोग गर्न सकिरहेको छैनन् । विश्वव्यापीरुपमा रहेको मानव अधिकार सम्बन्धि न्यूनतम मापदण्ड सबै महिलाहरुको लागि पनि हासिल हुनुपर्दछ । असमान अवस्थामा रहेका महिलाहरुले समानरुपमा मानव अधिकारको दाबी गर्न नसक्ने हुँदा महिलाहरुको लागि छुट्टै अधिकारको आवश्यकता हुन्छ । जसले महिलाहरुलाई पुरुष सरह समानरुपमा मानव अधिकारको उपभोग गर्ने स्थिति राख्न सकोस् । त्यसैले महिलाहरुको मानव अधिकारको न्यूनतम मापदण्ड संरक्षण गर्न विशेष अधिकार प्रदान गरिएको हुन्छ । महिलालाई लक्षित गरी प्रदान गरिएका अधिकारहरु अन्तराष्ट्रिय स्तरबाट नै विभिन्न सन्धि, महासन्धि तथा सम्झौताहरु मार्फत कानूनहरुको पनि निर्माण गरिएको छ । सो मध्ये अहिले अन्तराष्ट्रिय स्तरमा स्थापित हुँदै गएको महासन्धि **"महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि"** एक हो । जसलाई महिला अधिकार स्थापित गर्ने एक औजारको रुपमा प्रयोग हुँदै आएको छ । यो बारेमा आदिवासी जनजाति महिलाहरुमा सचेतना जगाउने उद्देश्यले यो कार्यक्रम सम्पन्न गरिएको हो ।

**महिला अधिकारको विकासः**

**महिला अधिकारको विकास सम्बन्धि संयुक्त राष्ट्र संघको गतिविधिहरुः**

संयुक्त राष्ट्र संघको वडापत्रमा समानताको अधिकार बिना कुनै लैङ्गिक भेदभाव समान अधिकार तथा मौलिक स्वतन्त्रताको सम्मान, संरक्षण र सम्बर्धन गर्ने कुरा उल्लेख गरिएको छ । यस्तै यस पछिका विभिन्न मानव अधिकार सम्बन्धी दस्तावेजहरुले ती दस्तावेजहरुद्धारा प्रदत्त अधिकारहरु उपभोग गर्नमा लिङ्गको आधारमा कुनै भेदभाव नगर्ने कुरा उल्लेख गरेको छ । यसो हुँदाहुदै पनि महिलाहरुले पुरुष सरह समानरुपमा अधिकारको उपभोग गर्न नसकेको स्थितिलाई मनन गर्दै महिला अधिकार स्थापित गर्न संयुक्त राष्ट्रसंघ भित्र र बाहिर विभिन्न गतिविधिहरु भएका छन् । महिला अधिकारको विकास सम्बन्धि संयुक्त राष्ट्र संघका मुख्य गतिविधिहरु यस प्रकार छन् ।

- महिलाका स्थिति सम्बन्धी आयोग स्थापनाः सन् १९४६,
- अन्तराष्ट्रिय नारी वर्षको घोषणाः सन् १९७५,
- संयुक्त राष्ट्र संघीय महिला दशकः सन् १९७६ देखि सन् १९८५,
- विश्व महिला सम्मेलनः
  - पहिलो विश्व महिला सम्मेलन- मेक्सिको सन् १९७५,
  - दोस्रो विश्व महिला सम्मेलन- कोपनहेगन सन् १९८०,
  - तेस्रो विश्व महिला सम्मेलन- नैरोवी सन् १९८५,
  - चौथो विश्व महिला सम्मेलन- बेइजिङ,

- बेइजिङ ५ समिक्षा,
- महिलाविरुद्ध भेदभाव उन्मुलन सम्बन्धसम्बन्धी घोषणा पत्र सन् १९६७,
- महिला विरुद्धहुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि सन् १९७९,
- महिला विरुद्ध हुने हिंसा उन्मूलन सम्बन्धी घोषणा पत्र सन् १९९३,
- महिला विरुद्ध हुने हिंसाको सम्बन्धमा विशेष समाधिक (Special Rapporteur) नियुक्ति सन् १९९४,
- महिला महासन्धिको इच्छाधीन आलेख सन् १९९९,
- मानव, विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखनलाई रोक्न, दबाउन र सजाय गर्न, अन्तराष्ट्रियरुपमा हुने सँागठनिक अपराध विरुद्ध महासन्धिको परिपूरक उप आलेख, २०००,

**महिला अधिकारको सन्दर्भमा अन्तरीष्ट्रय अवस्थाः**

- आज विश्व एकाईसौं शताब्दीको संघारमा अगाडी बढीरहेको छ । यस पृथ्वीमा विभिन्न जीवको उत्पति सँगै मानव समाजको पनि विकास भएको पाईन्छ । प्राणी मध्येकै सबै भन्दा विकसित रुप आजको संसारमा मानव हो । मानव समाजमा विशेष गरि Biology Determines Sex Male and Female, र Culture Determines gender masculine and Femine हुन्छ । यसका साथै विभिन्न समलिङ्गीहरु पनि मानव समाजमा पर्दछन् । मानव समाजको ईतिहासलाई पढ्दा पुरुष र महिला बीचको कार्य फरक-फरक तथा परिवार र समाजमा फरक-फरक मुल्यांकन हुंदै आएको छ । यसरी मानव समाजको विकास सँगै पुरुष र महिला बीच विभेद हुदै आएको ईतिहास छ । प्लेटो जस्ता विद्धानले पनि महिला र पुरुष बीच जैविक रुपमा नै फरक भएकोले उनीहरु बीच मुल्यांकन फरक भएको तर्क गरेका छन् भने काटे मिलेट, एस.डि. बिउभोर जस्ता विद्धानहरुले महिलाले अवसरमा पुरुष जति कै काम गर्न सक्ने तर्क गरेका छन् । यति हुँदा हुदै पनि विश्व समाजमा महिला र पुरष बीच विभेद हुंदै आएको पाईन्छ । जुन राष्ट्रहरु विकसित हुंदै गए ती राष्ट्रहरुमा महिला सम्बन्धि अधिकारहरु कानुनको रुपमा विकास गर्दै आएको पाईन्छ भने कतिपय राष्ट्रहरु विकसित भएर पनि धर्मको कारण महिला माथि हिंसाहरु भईरहेको छ । यीनै कारण तथा मानव समाजको महिला र पुरुष बीचको विभेदित व्यवहारको कारण महिलाहरुको अधिकारको निमित्त, समाजमा समान अवसर, सहभागीता, पहुँच तथा समता मुलक समाज निर्माणको लागि विभिन्न राष्ट्रहरुमा तथा अन्तराष्ट्रिय तहमा महिलाहरु बीच सम्मेलनहरु भएका थिए । यस्ता छलफल तथा सम्मेलनहरु सन् १९०० देखि नै शुरु भएको थियो । सन् १९०८ मा अमेरिकामा १५००० महिलाहरुले समान ज्याला र भोटीङ अधिकार स्थापना स्वरुप मार्च पास गरेको थियो । सन् १९०९ मा अमेरिकन सोसिअलिस्ट पार्टीले प्रथम राष्ट्रिय महिला दिवस घोषणा गरेका थिए । सन् १९१० मा डेनमार्कको कोपनहेगनमा अन्तराष्ट्रिय महिला सम्मेलन भएको थियो । यीनै सम्मेलनको परिणाम स्वरुप सन् १९११ मा अन्तराष्ट्रिय महिला दिवस घोषणा भएको थियो । यसरी सन् १९११ बाट शुरु भएको अन्तराष्ट्रिय महिला दिवस बार्षिक रुपमा मनाउदै विश्व व्यापी हुदै आएको थियो । अन्तराष्ट्रिय स्तरमा महिला अधिकार सम्बन्धि विभिन्न नाराका साथ विभिन्न सिदान्तहरु प्रतिपादन हुदै आएको छ । जसमा सन् १९७० मा विकासमा महिला उपागम, महिला र विकास र जेन्डर र विकास आदि विकास सँगै गत बर्ष एक शताब्दी भएको छ । अन्तराष्ट्रिय महिला दिवसको दिन विभिन्न राष्ट्रहरु चाईना, रुस, भियतनाम, बुलगिरिया आदि राष्ट्रहरुमा विदा दिदै आएको छ भने नेपालमा पनि नारी दिवसको अवसरमा सरकारी विदा दिदै आएको छ । साथै प्रत्येक वर्षको नारी दिवसको अवसरमा संयुक्त राष्ट्र संघको विश्व व्यापी अन्तराष्ट्रिय महिला दिवसले विश्वमा एउटै सन्देश दिनको लागि एक नारा पनि राख्दै आएको छ । जसलाई आधार बनाएर अन्तरीष्ट्रय नारी दिवस सोही नारा अनुसार कार्यक्रमहरु तयार गरी मनाइन्छ ।

**महिला अधिकारको बारेमा नेपालको अवस्थाः**

- नेपाल विविधता भित्रको एकता भएको देश हो । यहाँ चार बर्ण छतीस जातको फुलबारीको रुपमा विभिन्न जातजातिहरु बसोबास गर्दै आईरहेका छन् । नेपालको जनगणना २०५८ अनुसार कुल जनसंख्या मध्ये महिलाहरुको जनसंख्या करिब ५२% देखाएकोछ भने राष्ट्रिय जनगणना २०६८ को पहिलो मस्यौदाले कुल जनसंख्याको ५३% महिलाको संख्या देखाएको छ । अन्तरिम संविधान २०६३ ले महिलाहरुलाई राज्यको हरेक निकायहरुमा ३३% सहभागीता उल्लेख गरेपनि यो कार्यान्वयन हुन सकेको छैन । नेपाल सरकारको सरकारी तथ्यांङ्क अनुसार सरकारी निकायमा, सामाजिक संघ संस्थाहरुमा, रानजनीतिक पहुँचको आधारमा एकदमै थोरै मात्र सहभागी भएको पाईन्छ । नेपाली संस्कृति अनुसार घर परिवारको सम्पुर्ण काम महिलाहरुको काँधमा हुन्छ भने बाहिरको काम पुरुषहरुले गर्दै आईरहेको पाईन्छ । महिलाहरुले परिवार भित्र जति नै धेरै काम गरे पनि त्यसको कुनै मुल्य छैन । यो प्रवृति नेपाली सामान्य परिवार देखि माथिल्लो स्तरका कर्मचारी, नेताहरुमा समेत छ । त्यति मात्र नभएर घर बाहिर सामाजिक व्यवहार पनि त्यस्तै किसिमको छ । महिलाले बाहिरी काम गर्नु हुन्न, पति व्रता हुनुपर्छ भन्ने किसिमको सामाजिक संस्कृति छ । त्यसकारण महिलाहरु नेपालको निर्माण संगै विभेदमा पर्दै आएको कुरा यर्थाथ हो । आज एकाईसौं शताब्दीमा आएर पनि नेपाली महिलाहरु नेपाली समाजमा दोस्रो दर्जाको रुपमा जीउन बाध्य छन् । महिलालाई जन्मे पछि मात्र नभएर जन्मिनु अगावै गर्भ अवस्था देखिनै विभेद गरिन थालिन्छ । धेरै जसो आजको युवाहरुमा पनि यो प्रथा कायम छ । यति सम्म कि जब आमाको पेटमा भ्रुण छँदा महिला भएमा गर्भ पतन तुरुन्तै गरिन्छ । भ्रुण जाँच नगर्ने समाज वा त्यो क्षमता नभएको समाज भएमा छोरी जन्मे पछि हेला गर्ने प्रवृति छ । कुनै समुदायमा लगातार छोरी जन्मेमा दशौं पटकमा पनि छोरी जन्मे अझ एघारौं अवस्था सम्म पनि छोरा पाउने आसमा आमाको जीवन माथि खेलवाड गरिन्छ । यति सम्म की छोरा नजन्माएकोमा मानसिक तथा भौतिक रुपमा पिडा बारम्बार दिने गरिन्छ । यदि उघारौं पटकमा पनि छोरा नभएमा अर्को श्रीमति विवाह गरिन्छ । यस्तो किसिमको प्रवृतिहरु बारम्बार दैनि पत्रपत्रिकाहरुमा पढ्न पाइन्छ । छोरा नजन्मनुको वैज्ञानिका कारण नखोजि सम्पुर्ण दोष महिला माथि देखाईन्छ । साथै छोरीलाई विभिन्न शिक्षा दिक्षा बाट बन्चित गराईन्छ । कतिपय समाजमा अहिले पनि छोरालाई बोडिङ स्कुलमा भने छोरीलाई सरकारी स्कुलमा पढाईन्छ । छोरालाई घरमा पढ्न समय दिईन्छ भने छोरीलाई घरको काममा व्यस्त बनाईन्छ । अझ दाईजो प्रथा भएको समाजमा दाईजोको कारण युवा महिलाहरु विवाह गर्न नसकी माईतीमा नै बस्न बाध्य छन् । भने कतिपय महिलाहरु दाईजोको कारण विवाह पश्चात एकतर्फि रुपमा छाडपत्र गर्न बाध्य गराईन्छ । यो संस्कृति नेपाली समाजमा पारिवारिक रुपमा भईरहेको सामान्य प्रचलन जस्तै छ । यो पिडा खास गरी सामान्य परिवार तथा गरिब परिवारहरुमा अझ बढी भएको पाईन्छ ।

नेपालले हाल सम्म विभिन्न अन्राष्ट्रिय सम्मेलनहरुमा भाग लिंदै पनि आईरहेको छ । जसमा प्रथम विश्व महिला सम्मेलन सन् १९७५ मा मेक्सिको, दोस्रो विश्व महिला सम्मेलन सन् १९८० डेनमार्कको राजधानी कोपनहेगन, तेस्रो विश्व सम्मेलन सन् १९८५ केन्याको राजधानी नैरोवी र चौथो विश्व महिला सम्मेलन चीनको राजधानी वेइजिङ आदि । नेपाल सरकारको तर्फबाट विभिन्न अन्तराष्ट्रिय सन्धि तथा सम्मेलनहरुमा सहभागी तथा हस्ताक्षर गरि अनुमोदन गर्दै आएको छ । जसमा महिला र पुरुष बीच समानता, सन् १९४५ महिलाको स्थिति सम्बन्धी आयोग, सन् १९४६, समान ज्याला सम्बन्धि महासन्धि, सन् १९५१, महिलालाई भोट दिने अधिकार सम्बन्धी महासन्धि, सन् १९५२, महिलाको नागरिकता सम्बन्धी महासन्धी, सन् १९५७, पेशागत भेदभाव उन्मूलन, सन् १९६०, महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन सन्  १९६७ र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, सन् १९७९ (स्रोतः लैङ्गिक अध्यन- भोजेन्द्र अर्याल) आदि सरकारले अनुमोदन गरे पनि यी सन्धिहरुलाई सही रुपमा कार्यन्वयन गर्न सकेको छैन । त्यसैले कानुन मात्र सबै थोक होईन कार्यन्वयनको पक्ष सवल हुन जरुरी छ । यसको लागि महिलाहरुमा सचेतनाको कार्यक्रम गर्न आवश्यक छ । नेपाल सरकार यतिका धेरै अन्तराष्ट्रिय सन्धि सम्झौताहरुमा हस्ताक्षर गरेपनि सो लागु

हुन नसक्नुमा महिलाहरुमा सो बारेमा थाहा नहुनु पनि हो । यसकारण नेपाल सरकारले जेजति सन्धिहरु पालना गर्दछु भनेर अनुमोदन गरेका छन् सो लाई कार्यान्वयन गर्नको लागि लक्षित वर्ग महिलाहरु सचेत हुन जरुरी छ साथै सम्बन्धित निकायहरुमा ध्यानकर्षण गर्न जरुरी छ । यसका साथै अन्तराष्ट्रिय स्तरमा महिला अधिकार सम्बन्धि अभ्यासहरुको बारेमा पनि आदान प्रदान गर्दै राष्ट्रिय स्तरमा कार्यान्वयन गर्न आवश्यक छ ।

**महिला अधिकारको बारेमा अभिमुखीकरणको आवश्यकताः**

- विश्वको कुल जनसंख्याको करिब पचास प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको छ । भने नेपालमा पनि करिब पचास प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको छ । राष्ट्र विकास हुनकोलागि राष्ट्रमा रहेका सबै वर्ग, जाति, क्षेत्रको विकास हुन आवश्यक छ भने समुदायको हिसाबले महिला, पुरुष, तेस्रो लिङ्गी सबैको समान विकास हुन जरुरी छ । अन्यथा कुनै एक समुदाय वर्ग अथवा जाति विशेषको मात्र विकास भएमा त्यसले राष्ट्रमा विवाद मात्र निम्त्याउँछ । नेपालमा समग्र विकास प्रक्रिया तथा चेतना र अधिकारको हिसाबमा पुरुषका तुलनामा महिलाहरु परिवारबाट, समाजबाट र राष्ट्रबाट नै दोस्रो दर्जाको रुपमा व्यवहार गरिंदै आएको पाइन्छ । कानुनहरु धेरै बनेका छन्, अन्तरिम संविधानमा पनि कम्तिमा हरेक निकायहरुमा महिलाहरुको सहभागीता ३३ प्रतिशत भनेर उल्लेख गरिएको छ तर सो कार्यान्वयन हुन सहिरहेको छैन । यसैगरी अन्तराष्ट्रिय स्तरमा विभिन्न सम्मेलनहरुमा तथा संयुक्त राष्ट्र संघले महिलाहरुको अधिकारहरु प्रशस्त मात्रामा दिएको छ । यसलाई नेपाल सरकारले पनि पालना गर्दै कार्यान्वयन गर्छु भनि हस्ताक्षर तथा अनुमोदन गरिसकेको छ । सरकारको तर्फबाट विभिन्न सम्मेलनहरुमा सहभागीता जनाउँदै आएको छ । तर अहिलेको नेपाली समाजमा नत राष्ट्रिय स्तरमा भएका कानुनहरुको बारेमा महिलाहरुलाई थाहा छ, नत महिला अधिकार सम्बन्धि अन्तराष्ट्रिय सन्धिहरुको बारेमा नै सचेत छन् । जब सम्म ती कानुनहरु तथा सन्धिहरुको बारेमा महिलाहरुलाई थाहा हुन्न तब सम्म उनीहरुले आफ्नो अधिकारको बारेमा थाहा हुन्न । साथै सम्बन्धित निकायहरुमा यसको लागि पहल पनि गर्दैनन् । यसकारण बर्तमान नेपाल सरकार संविधान निर्माणको अवस्थामा रहेकै बेला उनीहरुलाई कानुनहरुको बारेमा सचेत गराउन सकेमा महिलाहरु आफ्नो अधिकारको बारेमा वकालत गर्न थाल्नेछन् । साथै महिलाहरुले आफ्नो अधिकारको लागि बनेका कानुनहरुको बारेमा सचेत भई अधिकार खोज्न र थप महिला अधिकारको लागि कानुनहरु निर्माण गर्नको लागि महिलाहरुमा महिला अधिकार सम्बन्धि अन्तराष्ट्रिय सन्धि सम्झौता बारेमा अभिमुखीकरण कार्यक्रमको नितान्त आवश्यक छ ।

**उपलब्धीहरु**

महिला युवाहरु प्रत्यक्ष रुपमा ४० जना सहभागी रहेको हुनाले उनीहरुले प्रत्यक्ष रुपमा सचेतनाको अवसर प्राप्त गरेका थिए ।

**निष्कर्ष**

यस कार्यक्रममा स्रोत व्यक्ति अर्न्राष्ट्रिय छवि भएका व्यक्तित्व भएको हुनाले राष्ट्रिय स्तरमा रहेका कानुनहरु र अधिकारहरु, अन्तर्राष्ट्रिय कानुनहरु र आदिवासी महिलाहरुले गर्नु बुझ्नु पर्ने कुराहरु र गर्नु पर्ने कार्यान्वयन तथा वकालतहरुको बारेमा सचेत भएको हुनाले कार्यक्रम अर्थपुर्ण रहेको निष्कर्ष छ ।